नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(................................ शाखा)

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या :-

च.नं. :- मं. बै ८२३०

मिति : २०७५/९/९

सहरी विकास मन्त्रालय
सचिवको निजी सचिवालय
दर्ता नं. ६०५
दर्ता मिति ०७५/९/१२

श्री सचिव,
सहरी विकास मन्त्रालय ।

जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषय मं.प.बै.सं. ४६/०७५ मिति २०७५/९/९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको सहरी विकास मन्त्रालयको मिति २०७५।८।२ को प्रस्ताव मं.प.बै.सं. ४०/०७५ मिति २०७५।८।३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५।८।१६ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट परिमार्जन गरिएको यसैसाथ संलग्न "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" स्वीकृत गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

Scanned with CamScanner

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ४२/०७५
च.नं. : ४०३९

मिति : २०७५।८।१६

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

मिति २०७५।८।१६ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको ब्यहोरा अनुरोध गर्दछु ।

"जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको सहरी विकास मन्त्रालयको मिति २०७५।८।२ को प्रस्ताव मं.प.बै.सं. ४०/०७५ मिति २०७५।८।३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार आजको बैठकमा पेश भई छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" स्वीकृतिका लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने ।"

(लाल शंकर घिमिरे)
सचिव

Scanned with CamScanner

# जनता आवास कार्यक्रम कार्यान्वयन नमुना कार्यविधि, २०७५

.......... प्रदेश

भौतिक पूर्वाधार विकास मन्त्रालय

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

Scanned with CamScanner

# जनता आवास कार्यक्रम कार्यान्वयन नमुना कार्यविधि, २०७५

नेपालको संविधानको धारा ४२ उपधारा (२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था भएकोले दलित, विपन्न मुसलमान तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गहरुलाई आवासको व्यवस्थाको लागि आर्थिक बर्ष २०६६।६७ देखि व्यवस्था भएको बजेट तथा कार्यक्रमलाई नेपाल सरकारले "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३" बमोजिम कार्यान्वयन गर्दै आईरहेकोमा आ.व. २०७५/७६ देखि सम्वन्धित प्रदेश सरकारवाट कार्यान्वयन गर्ने गरी बजेट तथा कार्यक्रममा व्यवस्था भएकाले सम्वन्धित प्रदेश सरकारले कार्यान्वयन गर्न नेपाल सरकारले देहायको नमुना कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "जनता आवास कार्यक्रम कार्यान्वयन नमुना कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि सम्वन्धित प्रदेश सरकारको, मन्त्रिपरिषदबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "मन्त्रालय" भन्नाले सम्वन्धित प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

(ख) "प्रदेश जनता आवास समन्वय समिति" भन्नाले दफा ११ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) "कार्यक्रम समन्वय इकाई" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको कार्यक्रम समन्वय इकाई सम्झनु पर्छ ।

(घ) "शहरी विकास तथा भवन कार्यालय" भन्नाले प्रदेश अन्तरगतको सम्बन्धित शहरी विकास तथा भवन कार्यालय सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम कार्यान्वयन इकाई" भन्नाले दफा १० को उपदफा (४) बमोजिमको कार्यक्रम कार्यान्वयन इकाई सम्झनु पर्छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार



Scanned with CamScanner

(च) "जनता आवास" भन्नाले स्वीकृत डिजाईन अनुसारका आवास इकाई सम्झनु पर्छ ।

(छ) "कार्यक्रम" भन्नाले जनता आवास कार्यक्रम सम्झनु पर्छ ।

(ज) "आवास इकाई" भन्नाले लाभग्राही घरधनीले पाउने घर सम्झनु पर्छ ।

(झ) "निर्माण समिति" भन्नाले दफा १७ बमोजिमको समिति सम्झनु पर्छ ।

(ञ) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही घरधनी सम्झनु पर्छ ।

(ट) "लक्षित वर्ग" भन्नाले कार्यक्रम लागू हुने स्थानमा विगत देखि स्थायी रुपमा बसोबास गरेका राष्ट्रिय दलित आयोगको सूचीमा सूचिकृत भएका दलित, विपन्न मुसलमान तथा सालवसाली रुपमा नेपाल सरकारले बजेट वक्तव्य मार्फत सम्बोधन गरी समेट्ने लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायका विपन्न वर्गहरु सम्झनु पर्छ ।

(ठ) "प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद २
## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

३. लक्षित वर्गको पहिचान : लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ :

(क) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ख) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात वा आफू विगत देखि सो स्थानमा बसोबास गरी आएको भन्ने स्थानीय तहको सिफारिस,

(ग) बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज,

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

(ङ) सम्बन्धित स्थानीय तहले लक्षित वर्गभित्र परेको भनी गरेको सिफारिस ।

उपरोक्त अनुसारका लक्षित वर्गको पहिचानको लागि व्यवस्था भएको दफा नं. ३ को क, ख, ग मध्ये कुनै एक मात्र आधार लिई लक्षित वर्गको पहिचान गर्न सकिने छ ।

४. लाभग्राहीको छनौटका आधार : (१) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुईं, गारो, तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसूची-१ बमोजिम अङ्क प्रदान गरिने छ ।



Scanned with CamScanner

तर अनुसूची-१ को क्रमसंख्या ४, ५ र ७ बाट कुनै अङ्क प्राप्त नगर्नेलाई लाभग्राहीका रुपमा छनौट गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने घरधनी देखि न्यूनतम ३५ अङ्क प्राप्त गर्नेलाई मात्र क्रमैसँग लाभग्राहीको रुपमा छनौट गरिनेछ ।

(३) लाभग्राहीको छनौट प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले गर्ने छ ।

(४) उपदफा (२) बमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(५) सगोलमा रहेका परिवारले एक आवास मात्र पाउने छन् ।

५. कार्यक्रम कार्यान्वयन स्थल : (१) साधारणतया दश लाभग्राही परिवार वसोवास भएको स्थान वा बस्तीमा कार्यक्रम कार्यान्वयन गरिने छ ।

तर छरिएर बसोबास गरेको डोम, अति सीमान्तकृत तथा लोपोन्मुख जातीको बस्तीको हकमा यो बन्देज लागू हुने छैन ।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा लक्षित वर्गको घर यथास्थानमा पुनःर्निमाण हुने गरी गरिनेछ ।

तर सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न कठिन, विकासका निम्ति बाधक, अपायक र असुरक्षित स्थानमा रहेका तथा प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमाक्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन ।

## परिच्छेद ३
## रकम तथा निर्माण सामग्री सम्वन्धी

६. रकम उपलव्ध गराउने : (१) शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले लाभग्राहीलाई आवास निर्माण गर्न निर्माण समिति मार्फत चार किस्तामा रकम उपलब्ध गराउने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि कुनै स्थानमा निर्माण समिति गठन हुन नसकेमा शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले लाभग्राहीलाई चार किस्तामा सोझै रकम उपलब्ध गराउने छ ।

(क) उपदफा (१) र (२) अनुसार आवास निर्माणको लागि लाभग्राहीहरुलाई अनुसूची -२ बमोजिम रकम उपलब्ध गराउने छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं



Scanned with CamScanner

(३) निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीले रकम प्राप्त गर्ने शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खोलेको खाताको संचालन निर्माण समितिको संयोजक वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीको र शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारीको संयुक्त नामबाट हुनेछ ।

(५) शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले संयुक्त खाता संचालनको लागि कर्मचारी तोक्दा आवास इकाई निर्माणको मूल्याङ्कन गरी बिलपास गर्ने कर्मचारीलाई तोक्न पाईने छैन ।

(६) लाभग्राहीलाई रकम उपलव्ध गराउने सम्वन्धमा शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई र निर्माण समितिबीच अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(७) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा निर्माण समितिले लाभग्राहीसँग अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(८) निर्माण समिति गठन नभएको अवस्थामा सोझै रकम प्राप्त गर्ने लाभग्राहीसंग शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले **अनुसूची-५** बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(९) उपदफा (७) बमोजिम सम्झौता भएपछि निर्माण समितिले निर्माण सामग्री उपलव्ध गराएको भए सो वापतको रकम कटाई बाँकी रकम लाभग्राहीलाई उपलब्ध गराउनेछ ।

(१०) उपदफा (६) र (८) बमोजिमको सम्झौता भएपछि शहरी विकास तथा भवन कार्यालयले निर्माण सामग्री उपलव्ध गराएको भए सो वापतको रकम कटाई बाँकी रकम निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीको बैंक खातामार्फत उपलब्ध गराउने छ ।

(११) शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई र निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच भएको सम्झौता बमोजिम शहरी विकास तथा भवन कार्यालयले निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीलाई कार्य प्रगतिका आधारमा बिल भरपाई प्राप्त भएको मितिले तीस दिनभित्रमा किस्ताबन्दीमा रकम उपलब्ध गराउने छ ।

(१२) सम्झौता तथा खर्च सम्वन्धी सम्पूर्ण फाँटवारी राख्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी सम्वन्धित शहरी विकास तथा भवन कार्यालयको हुनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

७. **निर्माण सम्पन्न भएको मानिने :** सम्झौता बमोजिमको शौचालय सहितको आवास इकाई निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिने छ ।

८. **लागत सहभागिता योगदान र व्यवस्थापन :** (१) लाभग्राहीले कुल अनुदानको दश प्रतिशत लागत सहभागिता वापत ब्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लागत सहभागिता श्रमदान, नगद वा निर्माण सामग्री जुनसुकै हुन सक्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित लागत सहभागिता वापत लाभग्राहीले कम्तीमा शुलभ शौचालय स्तरको एउटा शौचालय अनिवार्य रुपमा निर्माण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको शौचालय निर्माणका लागि शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट प्राविधिक सहयोग उपलब्ध हुनेछ ।

९. **निर्माण सामग्री उपलब्ध गराउने :** (१) आवास इकाई निर्माणको लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, हुक, कब्जा, जस्ता निर्माण सामग्रीहरू निर्माण समितिले र सो समिति गठन नभएकोमा लाभग्राही आफैले खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्माण सामग्रीहरु निर्माण समिति वा लाभग्राहीले खरिद गर्न नसकी शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईमा लिखित अनुरोध गरेमा शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले त्यस्ता सामग्री उपलब्ध गराउनु पर्नेछ ।

(३) लाभग्राहीले भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी आवास इकाई निर्माण गर्नु पर्नेछ ।

(४) निर्माण सामग्री परिवर्तन गर्दा थप रकम आवश्यक पर्ने भएमा सम्बन्धित लाभग्राहीले नै व्यहोर्नु पर्नेछ र कम रकम लाग्ने भएमा सोही अनुसार मूल्याङ्कन गरी भुक्तानी गरिनेछ ।

१०. **कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूको भूमिका :** (१) कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुऱ्याउन प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमा एक कार्यक्रम समन्वय इकाई रहनेछ ।

(२) कार्यक्रम समन्वय इकाईको काम देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम कार्यान्वयन गर्ने तहहरूबीच समन्वय गर्ने,

(ख) आवास इकाईहरुको नक्सा तयार गर्ने तथा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

(ग) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने र भावी कार्यक्रमको लागि प्रदेश जनता आवास समन्वय समितिमा सिफारिस गर्ने ।

(३) शहरी विकास तथा भवन कार्यालयले कार्यक्रमको प्रगतिको आधारमा बजेट निकासा दिने र निर्माण कार्यको प्रगति लिई कार्यक्रम समन्वय इकाईमा प्रगति विवरण पठाउनु पर्नेछ ।

(४) शहरी विकास तथा भवन कार्यालयमा आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन इकाई रहनेछन् ।

(५) कार्यक्रम कार्यान्वयन इकाईको काम कर्तव्यहरू देहाय बमोजिम हुनेछ:

(क) कार्यक्रम कार्यान्वयन गरिने स्थलको अध्ययन गरी उपलब्ध जग्गा अनुसार आवास इकाई निर्माण कार्य कार्यान्वयन गराउने,

(ख) आवास इकाई निर्माणका लागि प्राविधिक सहयोग उपलव्ध गराउने,

(ग) निर्माणाधिन आवास इकाईहरुको अनुगमन, मूल्याङ्कन गर्ने,

(घ) सम्वन्धित स्थानीय तहहरूसँग समन्वय गर्ने,

(ङ) कार्यक्रमको अध्यावधिक कार्यको मेजरमेन्ट बुक राखी सोका आधारमा भुक्तानीका लागि शहरी विकास तथा भवन कार्यालयमा सिफारिस गर्ने,

(च) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी शहरी विकास तथा भवन कार्यालयमा पेश गर्ने,

(छ) कार्यक्रम सम्बन्धी जानकारी गराई लक्षित वर्गलाई परिचालन गर्ने ।

## परिच्छेद ४
## समिति सम्वन्धी

११. **प्रदेश जनता आवास समन्वय समिति :** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय र व्यवस्थापन गर्नका लागि प्रदेश स्तरमा देहाय बमोजिमको एक प्रदेश जनता आवास समन्वय समिति रहने छ :

| | | |
|---|---|---|
| (क) | मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | संयोजक |
| (ख) | सदस्य, प्रदेश योजना आयोग | सदस्य |
| (ग) | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (घ) | उप-सचिव स्तरको अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (ङ) | उप-सचिव स्तरको अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (च) | महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य सचिव |

नेपाल सरकार



Scanned with CamScanner

(२) प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयमा राज्यमन्त्री तथा सहायक मन्त्री रहेमा निजहरु प्रदेश जनता आवास समन्वय समितिको सदस्यको रूपमा रहने छन् ।

(३) प्रदेश जनता आवास समन्वय समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय तथा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

१२. **प्रदेश जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार :** प्रदेश जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सम्वन्धित प्रदेश निर्वाचन क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा शहरी विकास तथा भवन कार्यालय तथा प्रदेश निर्वाचन क्षेत्र प्रदेश जनता आवास समन्वय समितिलाई आवश्यक निर्देशन दिने,

(ग) हाल कायम रहेको प्रति आवास इकाई अनुदान रकम फेरवदल गर्नु परेमा संघिय शहरी विकास मन्त्रालय मार्फत अर्थ मन्त्रालयको सहमति लिन शिफारिस गर्ने,

(घ) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिबाट कार्यक्रम कार्यान्वयन हुने गाउँपालिका वा नगरपालिकाहरुको सूची सम्बन्धी जानकारी लिने,

(ङ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(च) कार्यक्रम कार्यान्वयनसंग सम्बन्धित निकायहरूबीच समन्वय गर्ने,

(छ) कार्यक्रम कार्यान्वनको क्रममा आई परेका बाधा अड्चन फुकाउने,

(ज) वृद्ध, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले व्यहोर्नु पर्ने लागत सहभागिता रकम प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको सिफारिस समेतका आधारमा छुट दिने,

(झ) कार्यक्रम लागू भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा शिफारिस गर्ने,

(ञ) आवश्यकता अनुसार अनुगमन उपसमिति गठन गरी कार्यक्रमको अनुगमन गर्ने, गराउने ।

१३. **बैठक सम्बन्धी कार्यविधि :** (१) प्रदेश जनता आवास समन्वय समितिको वैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

नेपाल सरकार ... तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार ...

(२) प्रदेश जनता आवास समन्वय समितिले बैठकमा आवश्यक विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सक्ने छ ।

१४. **प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति :** (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा देहाय बमोजिम एक प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | प्रदेश सभाको सम्बन्धित निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य | संयोजक |
| (ख) | सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रमा मतदाता नामावलीमा नाम भएका सामानुपातिक प्रदेश सभा सदस्यहरु | सदस्य |
| (ग) | प्रमुख जिल्ला अधिकारी | सदस्य |
| (घ) | जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी | सदस्य |
| (ङ) | सम्बन्धित क्षेत्रको म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.को प्रमुख | सदस्य |
| (च) | सम्वन्धित शहरी विकास तथा भवन कार्यालयका प्रमुख वा कार्यक्रम कार्यान्वयन कार्यालयको अधिकृतस्तरको प्राविधिक प्रतिनिधि | सदस्य सचिव |

(२) समितिको संयोजकको अनुपस्थितिमा उपस्थित प्रदेश सभा सदस्यहरु मध्ये जेष्ठ प्रदेश सभा सदस्यले संयोजक भई कार्य गर्नेछ ।

(३) जिल्लामा कुनै प्रदेश सभा सदस्य नरहेको वा नभएको अवस्थामा प्रमुख जिल्ला अधिकारीले समितिको संयोजकको रुपमा कार्य गर्नेछ ।

१५. **प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार :** प्रदेश निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सम्वन्धित प्रदेश निर्वाचन क्षेत्रको तत्काल कायम रहेका सबै गाउँपालिका वा नगरपालिकाका लक्षित वर्ग समेटी गाउँपालिका वा नगरपालिका छनौट गरी छनौट भएका गाउँपालिका वा नगरपालिकाको सूची प्रदेश जनता आवास समन्वय समितिमा पठाउने,

(ख) कार्यक्रम लागू हुने गाउँपालिका वा नगरपालिकाबाट दफा ४ को आधारमा लाभग्राहीको छनौट गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन गर्न शहरी विकास तथा भवन कार्यालय, निर्माण समिति र लाभग्राहीलाई आवश्यक सहयोग तथा निर्देशन दिने,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

(घ) कार्यक्रमको कार्यान्वयन सम्वन्धमा अनुगमन गर्ने । साथै देखापरेका समस्या समाधान गर्ने,

(ङ) वृद्ध, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले व्यहोर्नुपर्ने लागत सहभागिता छुटका लागि निर्माण समिति वा लाभग्राहीबाट मनासिव कारण तथा प्रमाणसहित अनुरोध भई आएमा प्रदेश जनता आवास समन्वय समिति समक्ष सो रकम छुटका लागि सिफारिस गर्ने,

(च) प्रदेश जनता आवास समन्वय समितिवाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने/गराउने ।

१६. **बैठक सञ्चालन सम्बन्धी कार्यविधि :** (१) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिको वैठक सम्वन्धी कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले आवश्यकता अनुसार बैठकमा अन्य विज्ञ तथा सम्वन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

१७. **निर्माण समिति :** (१) न्यूनतम दश लाभग्राही परिवार भएको प्रत्येक बस्तीमा देहाय बमोजिमको निर्माण समिति रहनेछ :

| | | |
|---|---|---|
| क. | सम्वन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई कार्यालयको रोहवरमा लाभग्राहीहरू मध्येबाट छनौट भएको व्यक्ति | संयोजक |
| ख. | सम्वन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई कार्यालयको रोहवरमा लाभग्राहीहरू मध्येबाट छनौट भएका कम्तीमा एकजना महिला सहित बढीमा तीन जना | सदस्य |
| ग. | सम्वन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट खटाईएको प्राविधिक कर्मचारी | सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम संयोजक र सदस्य छनौट हुन नसकेमा प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समितिले संयोजक र सदस्य छनौट गर्नेछ ।

१८. **निर्माण समितिको दर्ता :** दफा १७ बमोजिम गठन भएको निर्माण समिति सम्वन्धित स्थानीय तहमा दर्ता हुनु पर्नेछ ।

नेपाल सरकार



Scanned with CamScanner

१९. **निर्माण समितिको काम, कर्तव्य र अधिकार :** निर्माण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति र शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट प्राप्त निर्देशन अनुरूप निर्माण कार्य गर्ने, गराउने,

(ख) आवास निर्माणका लागि आवश्यक निर्माण सामग्री प्राप्त गर्ने/गराउने,

(ग) पूर्वाधार र आवास निर्माण गर्ने विषयमा लाभग्राहीसँग सहमति कायम गर्ने,

(घ) लाभग्राहीलाई रकम उपलब्ध गराउने,

(ङ) निर्माण कार्यको गुणस्तर कायम गर्ने/गराउने,

(च) लाभग्राहीले व्यहोर्ने लागत सहभागिता बापत दफा ८ को उपदफा (३) बमोजिमको कार्य गराउने,

(छ) शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईको प्रत्यक्ष निर्देशनमा निर्माण कार्य व्यवस्थित ढङ्गले संचालन गर्ने,

(ज) शहरी विकास तथा भवन कार्यालयबाट स्वीकृत नाप नक्सा बमोजिम आवास इकाई निर्माण गर्ने/गराउने,

(झ) स्वीकृत नाप नक्सा बमोजिम आवास इकाई निर्माण भए नभएको बारे जाँच गरी प्रत्येक किस्ता भुक्तानीको लागि सिफारिस गर्ने ।

## परिच्छेद ५
## तालिम सम्वन्धी

२०. **तालिमको व्यवस्था :** (१) शहरी विकास तथा भवन कार्यालयले प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा भूकम्प प्रतिरोधी आवास निर्माण प्रविधि सम्वन्धी तालिमको व्यवस्था गर्नु पर्नेछ ।

(२) शहरी विकास तथा भवन कार्यालयले आवास इकाई निर्माणमा संलग्न हुने जनशक्तिलाई कार्यगत तालिमको व्यवस्था गर्नेछ ।

(३) आवास इकाई निर्माण तालिममा लाभग्राहीहरूलाई प्राथमिकता दिइने छ ।

(४) शहरी विकास तथा भवन कार्यालयले लाभग्राहीहरुलाई कार्यक्रम सम्वन्धमा सूसूचित गर्न अभिमूखिकरण तालिम संचालन गर्न सक्नेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

## परिच्छेद ६
## विविध

२१. **निर्देशन पालना गर्नु पर्ने :** प्रदेश जनता आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित निकायले पालना गर्नु पर्नेछ ।

२२. **विवादको समाधान :** कार्यक्रम कार्यान्वयन गराउने निकाय र निर्माण समिति वा लाभग्राहीहरुबीच कुनै विवाद उत्पन्न भएमा प्रदेश जनता आवास समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

२३. **फरफारक हुने :** कुनै लाभग्राहीले विशेष कारणवश निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी सोको खर्च प्रदेश जनता आवास समन्वय समितिको निर्णय बमोजिम फरफारक गर्न सकिनेछ ।

२४. **बेच बिखन गर्न नपाउने :** लाभग्राहीले आवास इकाई निर्माण सम्पन्न भएको मितिले दश बर्षसम्म बेचबिखन गर्न पाउने छैन ।

२५. **कारबाही हुने :** आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुटठ विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२६. **पुर्वाधार :** कार्यक्रम कार्यान्वयन हुने स्थानका लागि आवश्यक पर्ने भौतिक पुर्वाधारहरु जस्तै सडक, खानेपानी, ढल, खुल्ला क्षेत्र आदिको निर्माण कार्य समेत आवश्यकता अनुसार गर्न सकिनेछ ।

२७. **अन्य निकायले सहयोग गर्ने :** प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासंग सम्वन्धित निकायहरुले कार्यक्रम कार्यान्वयन भएका क्षेत्रमा सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि सहयोग पुर्याउनु पर्नेछ ।

२८. **सुविधा नपाउने :** नेपाल सरकारवाट भूकम्प पूनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण जस्ता कार्यक्रमहरुवाट लाभान्वित लाभग्राहीहरुलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराईने छैन ।

२९. **फेरबदल गर्न सक्ने :** लाभग्राहीले स्वीकृत नमुना आवास डिजाइनमा केही फेरबदल गरी निर्माण गर्न सक्नेछ ।

तर कम क्षेत्रफलको आवास इकाई निर्माण गरेको भएमा सोही अनुपातमा खर्च घटाई अनुदान रकम उपलब्ध गराईने छ ।

३०. गत विगतदेखि आ.व. २०७४/७५ सम्म नेपाल सरकारबाट जनता आवास कार्यक्रम अन्तर्गत संचालन भई क्रमागत वा अधुरा रहेका आवास इकाईहरु आ.व. २०७६/७७ सम्म सम्पन्न गरिसक्ने । सो निर्माण कार्य सम्पन्न गर्न आवश्यक

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

बजेट विनियोजन गरेपछि मात्र प्रदेश जनता आवास समन्वय समितिले थप नयाँ आवास इकाईहरुको लागि कार्यक्रम निर्माण तथा बजेट विनियोजन गर्नुपर्नेछ ।

३१. खारेजी र बचाउ : (१) यो कार्यविधि स्वीकृत भई लागु भएपछि जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ खारेजी हुनेछ ।

(२) उपदफा (१) बमोजिम खारेज हुनु पूर्वको कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्न छनौटमा परेका स्थानिय तह, सम्वन्धित स्थानिय तहको लागि निर्धारण गरिएको लाभग्राही संख्या र लाभग्राहीहरुको छनौट यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

अनुसूची -१

दफा ४ को उपदफा (१) संग सम्वन्धित

## लाभग्राहीहरूको छनौटका आधारहरू

| क्र.स | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखि ६० सम्म - ५<br>६० भन्दा वढी - ० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ६० भन्दा कम -१०<br>६० देखि १०० सम्म -५<br>१०० भन्दा वढी -० | |
| ३ | घरभित्रको भुई | माटो -१०<br>ईंटा,ढुङ्गा आदि -५<br>सिमेन्ट -० | जम्मा फ्लोर एरियाको ५०% वा सो भन्दा बढि क्षेत्रफल भएकालाई अङ्क दिने । |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी-१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी -५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टका जोर्नी -० | ५० प्रतिशत सम्ममा जेछ त्यसैलाई मान्ने । |
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि -१०<br>खपडा, टायल, टिन -५<br>ढलान, कर्कट पाता -० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |
| ६ | घर बस्तीमा साधारणतया १० घर रहेको वा नरहेको | भएको -१०<br>नभएको -० | तर डोम, अति सीमान्तकृत तथा लोपोन्मुख जातीको घर जति संख्यामा भए पनि -१० |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ७ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामीत्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित) -१० <br> नदी\ताल किनारामा बसोबास गरेको -० | |
| ८ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको-१० <br> अन्यत्र जग्गा भएको-० | |
| ९ | घरमूलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिलाजस्ता घरमूली लाभग्राही भएका -१० <br> अन्य -० | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

अनुसूची -२

दफा ६ उपदफा २ (क) संग सम्वन्धित

## आवास निर्माण कार्यको लागि उपलब्ध गराउने अनुदान रकम

| सि.नं. | क्षेत्र/विवरण | प्रति आवास इकाई निर्माणको लागि उपलब्ध हुने अनुदान रकम (कन्टेन्जेन्सी समेत) | कैफियत |
|---|---|---|---|
| १ | तराई क्षेत्र | तीन लाख पचास हजार | |
| २ | भित्री मधेश एवं पहाडी क्षेत्र | तीन लाख पचास हजार | |
| ३ | हिमाली एवं दुर्गम क्षेत्र | तीन लाख पचास हजार | |

(क) मोटर बाटोले नछोएको, हवाई जहाजबाट निर्माण सामग्री ढुवानी गर्नु पर्ने दुर्गम हिमाली जिल्ला हुम्ला र ड़ोल्पाको हकमा चार लाख (कन्टिजेन्सी सहित) अनुदान रकम उपलब्ध गराईनेछ।

तर जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३ अनुसार सम्झौता भएका क्रमागत कार्यक्रमहरुको हकमा सम्झौता अनुसारको अनुदान रकम उपलब्ध गराईनेछ।



Scanned with CamScanner

अनुसूची -३

दफा ६ को उपदफा (६) सँग सम्वन्धित

........ प्रदेश

भौतिक पूर्वाधार विकास मन्त्रालय

## शहरी विकास तथा भवन कार्यालय

## जनता आवास कार्यक्रम

**शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई तथा निर्माण समिति बीच गरिने सम्झौताको ढाँचा**

१. सम्झौता गर्ने पक्षहरु : शहरी विकास तथा भवन कार्यालय वा कार्यकम कार्यान्वयन इकाई र श्री ............. ......
निर्माण समिति

२. कार्यक्रम : कार्यक्रम अन्तर्गत आवास इकाई निर्माण गर्ने ।

३. कार्यक्रम स्थल : जिल्ला : ................. गाउँपालिका/नगरपालिका:..................वडा नं.................. टोल/गाउँ..............

४. निर्माण गरिने कूल आवास इकाई

५. कार्यक्रमको लागत:- (क) कार्यक्रमले व्यहोर्ने रकम.........................
(ख) लाभग्राहीले व्यहोर्ने रकम.....................

६. कार्यक्रमको प्रस्तावित कार्यान्वयन अवधि :
(क) शुरु हुने मिति :- २०......../......./......
(ख) सम्पन्न हुने मिति :- २०......../......./......

७. खर्च व्यहोर्ने श्रोत :
(क) कार्यक्रमबाट व्यहोरिने :
(१) नगद रुपैया : ..................
(२) निर्माण सामग्री :
(ख) लाभग्राहीबाट व्यहोरिने रकमः
(१) नगद.रु..............................
(२) निर्माण सामग्री (मूल्यमा)............
(३) श्रम (मूल्यमा) : .........................
(४) कूल रकम :..........................

८. निर्माण समितिको नाम/ठेगाना : ................................................
९. निर्माण समितिको दर्ता नं/कार्यालय : ..............

१०. निर्माण समितिका पदाधिकारीहरु :

| | | |
|---|---|---|
| (क) | श्री | संयोजक |
| (ख) | श्री | सदस्य |
| (ग) | श्री | सदस्य |
| (घ) | श्री | सदस्य |
| (ङ) | श्री | सदस्य सचिव |

११. सम्झौताका शर्तहरु:

(क) नाप नक्सा तथा स्वीकृत लागत अनुमान र तोकिएको गुणस्तर अनुसार निर्माण समितिले निर्माण कार्य गराउने छ ।

(ख) निर्माण समितिले लागत सहभागिता वापत लाभग्राहीले व्यहोर्ने रकमबाट कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय लाभग्राहीलाई निर्माण गर्न लगाउनेछ ।

(ग) निर्माण समितिले शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईबाट प्राप्त रकम कार्य प्रगतिको आधारमा लाभग्राहीलाई भुक्तानी दिने प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

(घ) निर्माण समितिले हरेक किस्ताको कामको मूल्यांकन, विल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई कार्यक्रम कार्यान्वयन इकाई मार्फत शहरी विकास तथा भवन कार्यालयमा भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

(ङ) निर्माण समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी शहरी विकास तथा भवन कार्यालयमा समेत पेश गर्नु पर्नेछ ।

१२. भुक्तानीको ढाँचा :

(क) निर्माण समितिको नाममा रहेको खातामा चार किस्तामा रकम उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभएसम्म खाता सञ्चालन निर्माण समितिको संयोजक वा सोझै रकम प्राप्त गर्ने लाभग्राही र सम्बन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(ख) स्वीकृत डिजाइन र लागत अनुमान निर्माण-स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भएपछि सम्बन्धितको खातामा २५% रकम उपलब्ध गराईने छ ।

(ग) प्लीन्थ (डि.पि.सि.) को काम सम्पन्न भएपछि सम्बन्धितको खातामा थप ३० % रकम उपलब्ध गराईने छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ...



Scanned with CamScanner

(घ) गारो तयार भएपछि थप ३५% सम्बन्धितको खातामा रकम उपलब्ध गराईने छ ।

(ङ) छाना तथा झ्याल ढोका र शौचालयको निर्माण कार्य सम्पन्न भएपछि बाँकी १०% सम्बन्धितको खातामा रकम उपलब्ध गराईने छ ।

(च) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

१३. सम्झौताका पक्षहरु :

**निर्माण समितिको तर्फबाट**

संयोजक वा लाभग्राहीको

नाम

ठेगाना

दस्तखत

मिति

साक्षी

(१) श्री.....................................

**शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईका तफर्बाट**

कार्यक्रम प्रतिनिधीको

नाम

ठेगाना

दस्तखत

मिति

साक्षी

(१) श्री.....................................



Scanned with CamScanner

अनुसूची -४

दफा ६ उपदफा (७) संग सम्वन्धित

## निर्माण समिति र लाभग्राहीबीच गरिने संझौताको ढाँचा

१. सम्झौता गर्ने पक्षहरु : ...................... निर्माण समिति र................लाभग्राही ।

२. कार्यक्रम स्थल : जिल्ला :.......... गाउँपालिका/नगरपालिका : ..............वडा नं :

३. उद्देश्य : आवास निर्माण ।

४. कुल लागत : ............................ (लाभग्राहीको सहभागिता बापतको अशं समेत)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :

(क) शुरु हुने मिति : २०....../......../.......

(ख) पुरा हुने मिति : २०....../......../....... सम्म

६. खर्च व्यहोर्ने श्रोत :

(क) निर्माण समितिले शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईसंग गरेको निर्माण समिति र लाभग्राहीबीच गरिनेसंझौता बमोजिम हुनेछ ।

७. सम्झौताका शर्तहरु:

(क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्नेछ ।

(ख) लागत सहभागिता वापत कम्तीमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्नेछ ।

(ग) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

८. सम्झौताका पक्षहरु :

| निर्माण समितिको तर्फबाट | लाभग्राहीको तर्फबाट |
| --- | --- |
| संयोजक : | लाभग्राहीको नाम : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| साक्षी : | साक्षी : |
| श्री शहरी विकास तथा भवन कार्यालयको प्रतिनीधी | श्री .................................. |
| श्री.................................. | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं



Scanned with CamScanner

अनुसूची -५

दफा ६ उपदफा (८) संग सम्वन्धित

## शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाई तथा सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच गरिने संझौताको ढाँचा

१. सम्झौता गर्ने पक्षहरु : ................. र.................................................. ।

२. कार्यक्रम स्थल : जिल्ला : ............गाउँपालिका/नगरपालिका : .........वडा नं :

३. उद्देश्य : आवास निर्माण ।

४. कुल लागत : ........................ (लाभग्राहीको सहभागिता बापतको अंश समेत ।)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :

(क) शुरु हुने मिति : ............../........./.......

(ख) पुरा हुने मिति : ............/......./.......... सम्म

६. खर्च व्यहोर्ने श्रोत :

(क) कार्यक्रमबाट व्यहोरिने :

(१) नगद रुपैया : ...................।–

(२) निर्माण सामग्री :

(ख) लाभग्राहीबाट व्यहोरिने रकम :

(१) नगद.रु...............................

(२) निर्माण सामग्री (मूल्यमा)............

(३) श्रम (मूल्यमा) : ..........................

(४) कूल रकम :...........................

७. भुक्तानीको ढाँचा :

(क) लाभग्राहीलाई आवास निर्माण रकम जम्मा चार किस्तामा उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभएसम्म सम्बन्धित शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा निर्माण कार्यको प्रगति प्रमाणित गर्नेछ ।

(ख) स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्य सम्पन्न भए पछि २५% रकम उपलब्ध गराईने छ ।

(ग) प्लीन्थ (डि.पि.सि.) को काम सम्पन्न भए पछि थप ३० % रकम उपलब्ध गराईने छ ।

(घ) गारो तयार भएपछि थप ३५% रकम उपलब्ध गराईने छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार



Scanned with CamScanner

(ङ) छाना तथा झ्याल ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भएपछि बाँकी १०% रकम लाभग्राहीको खातामा उपलब्ध गराईने छ ।

(च) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

८. सम्झौताका शर्तहरु :

(क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्नेछ ।

(ख) लागत सहभागिता वापत कम्तिमा सुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नु पर्नेछ ।

(ग) निर्माणस्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले ब्यहोर्नु पर्नेछ ।

९. सम्झौताका पक्षहरु :

शहरी विकास तथा भवन कार्यालय वा कार्यक्रम कार्यान्वयन इकाईको तर्फबाट

कार्यक्रम प्रतिनिधि :
ठेगाना :
दस्तखत :
मिति :
साक्षी :
श्री...................................

लाभग्राहीको तर्फबाट

लाभग्राहीको नाम :
ठेगाना :
दस्तखत :
मिति :
साक्षी :
श्री ...................................



Scanned with CamScanner